गढवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गढवा, [illegible], दाङ

लुम्बिनी प्रदेश, नेपाल

## एकिकृत तथ्यांक व्यवस्थापनका लागि गणकको दरखास्त आव्हान सम्बन्धि सूचना।

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०७/१४ गते)

गढवा गाउँपालिकाको आ.व २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकाको एकिकृत तथ्यांक संकलनका लागि गणक छनोट गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १०(दश) दिन भित्र राजश्व दाखिला गरेको रसिद सहित गढवा गाउँपालिकाको कार्यालयमा रित पुर्वक दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ।

| क्र.स | विज्ञापन नं | पद | माग संख्या | परिक्षाको किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०७/०८१/८२ | गणक | वडा नं १ को लागि ५ जना, वडा नं २ को लागि ४ जना, वडा नं ३ को लागि ४ जना, वडा नं ४ को लागि ४ जना, वडा नं ५ को लागि ४ जना, वडा नं ६ को लागि ६ जना, वडा नं ७ को लागि ४ जना र वडा नं ८ को लागि १ जना गरि जम्मा ३२ जना | छोटो सूचि र अन्तरवार्ता | ३००। |

**न्यूनतम योग्यता र दक्षता**

- प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण र दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
- अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको।
- मोबाइल एप्समा डाटा भर्न सक्ने।
- बोलीमा शिष्टता भएको।
- आफनै एन्ड्रोईड स्मार्टफोन(मोबाइल) भएको।

**विशेष प्राथमिकता**

- तथ्यांक तथा मोबाइल एप्लिकेसनमा डाटा संकलनको अनुभव भएको।
- गाउँपालिकाको सम्बन्धित वडाको बासिन्दा र वडाबारे प्रारम्भिक जानकारी भएको।

**दरखास्तमा संलग्न गर्नुपर्ने**

- उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव पत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, तालिमको प्रमाणपत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको हालसालै खिचिएको फोटो संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ।

**पारिश्रमिक**

- प्रत्येक १ घर सर्वेक्षण गरे बापत रू ८० का दरले र थप सुविधा नभएको।
- प्रति घर धुरीको आधारमा कार्य सम्पन्न भई सकेपछि भुक्तानी गरिनेछ।

**कामको अवधि :**

- सर्वेक्षण सम्पन्न भएपछि स्वतः अवधि समाप्त हुनेछ तर पालिकाको तथ्याङ्क संकलन सम्बन्धी थप कार्यक्रम भएमा थप काममा लगाउन सकिने छ।

**अन्य जानकारी**

- दरखास्त दिने अन्तिम मिति २०८१/०७/२३ गते सम्म।
- छोटो सुचि प्रकाशन मिति २०८१/०७/२६ गते।
- अन्तरवार्ता मिति छोटो सुचि प्रकाशन गर्दा तोकीनेछ।
- थप जानकारी को लागि सम्पर्क नं ९८५७८४२०५२ मा सम्पर्क गर्न सक्नुहुनेछ।

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकीय अधिकृत